नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मान्म, कालिकोट

फोन नं : ०८७-४४०११२
फ्याक्स नं : ०८७-४४०१६२
ईमेल :- dao.kalikot@gmail.com

पत्र संख्या : ०७४।७५ (प्रशा.)                                                    मिती : २०७५।०३।२८

च.नं.: ३६२२

**विषय : अत्यन्त जरुरी सूचना**

सदा झैं यस वर्ष पनि वर्षादको सिजन शुरु भैसकेको छ । जलबायु तथा मौसम विज्ञान विभागको अनुमान अनुसार आगामी केही दिन सम्म मुलुकको पश्चिमी क्षेत्रमा भारी वर्षा हुन सक्ने सम्भावना रहेको छ । हाल यस जिल्लाको वीचोवीच भागबाट बग्ने कर्णाली र तिला नदीहरुमा पानीको बहाव बढिरहेको र अनुमान अनुसारको भारी वर्षा भएमा थप बढ्न सक्ने भएकोले कर्णाली नदीको किनारामा रहेका जितेबजार र लालीघाट बजार उच्च जोखिम अवस्थामा रहेको हुंदा ती बजारमा रहे बसेका सम्पूर्ण नागरिकहरुलाइ सुरक्षित स्थानमा स्थानान्तरण हुनुहुन अनुरोध गरिएको छ । त्यसैगरी कर्णाली र तिला नदी किनाराका अन्य बस्तीहरुमा रहे बसेका सबै नागरिकहरुलाइ समेत उच्च सतर्कता अपनाउनु हुन अनुरोध गरिन्छ । साथै वर्षातको कारण बढेको खोला नदीहरु पार गर्न खोज्ने, पौडी खेल्ने, माछा मार्ने,नदीले बगाएर ल्याएका दाउरा आदि संकलन गर्न खोज्ने, तथा पानी जमेको ठाउंमा बालबालिकालाइ खेल्न दिने आदि गर्दा मृत्यु सम्म हुन सक्ने तर्फ सबै सजग भै यस्ता जोखिमपूर्ण कार्य नगर्नु नगराउनु हुन सबैमा अनुरोध गर्दै जिल्लामा कुनै प्रकारको विपदको घटना घट्न गएमा तत्काल प्रजिअ ९८५८३३७७७७, जिल्ला विपद सम्पर्क व्यक्ति सप्रजिअ ९८५१२५४५५४, जिल्ला प्रहरी कार्यालयको फोन नं १०० र प्रहरी नायब उपरीक्षक ९८५८३३५५५५ तथा सम्बन्धित गाउपालिका नगरपालिकाहरुमा सूचना गर्नुहुन सबै सरोकारवाला तथा सर्वसाधारणमा हार्दिक अनुरोध गरिन्छ ।

चन्द्रनाथ गौतम
प्रमुख जिल्ला अधिकारी